अनुसूची-२१

(स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४ को दफा ४.८ को चरण २ को बुँदा २.३ सँग सम्बन्धित)

गौरीगञ्ज गाउँपालिका

## अध्यक्ष श्री फुलबती राजबंशीज्यूद्वारा गाउँसभाको १९औं अधिवेशनमा प्रस्तुत एवं सभाबाट सर्वसम्मत रुपमा पारित आ.व. २०८३/०८४ को

# वार्षिक नीति तथा कार्यक्रम

(क) **सम्बोधन र संस्मरण**

**सभाका सदस्यहरु,**

गौरीगञ्ज गाउँपालिका गाउँसभाको १९औं अधिवेशनको यस गरिमामय सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यलाई सभाका अध्यक्षको हैसियतले हार्दिक स्वागत गर्दछु ।

हाम्रो देशमा लोकतन्त्र स्थापनाको लागि समय-समयमा भएका आन्दोलन एवं गत भदौ २३ र २४ गते भएको नवयुवा (GEN-Z)हरुको आन्दोलनसमेतमा आफ्नो जीवन बलिदान गर्ने ज्ञात-अज्ञात शहीदहरुप्रति उच्च सम्मान र भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइते र अङ्गभङ्ग हुनुभएका नागरिकको स्वास्थ्यलाभको कामना गर्दछु।

(ख) **विद्यमान परिवेश**

**सभाका सदस्यहरु,**

भौगोलिक रुपमा झापा जिल्लाको पश्चिम-दक्षिण क्षेत्रमा अवस्थित यस गौरीगञ्ज गाउँपालिकाको पूर्वमा झापा गाउँपालिका, पश्चिममा मोरङ जिल्लाको रतुवामाई नगरपालिका, उत्तरमा गौरादह र शिवसताक्षी नगरपालिका एवं दक्षिणमा मित्रराष्ट्र भारतसँग सीमाना जोडिएको छ । आदिवासी जनजाति, क्षेत्री-ब्राह्मण, मधेसी, मुस्लिम, पिछडावर्ग, दलित एवं अन्य समुदायसमेतको बसोबास रहेको यस पालिकामा राष्ट्रिय जनगणना- २०७८ अनुसार कूल जनसंख्या- ३५५०६ र घरधुरी संख्या- ८५४७ रहेको छ । कूल १०१.३५ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वदेखि पश्चिमसम्म बीच भागबाट हुलाकी राजमार्गले छिचोलेको छ ।

ऐतिहासिक, धार्मिक, सांस्कृतिकलगायतका सम्पदाले सजिएको गौरीगञ्ज गाउँपालिकामा कन्काई, रतुवा, किस्नी, कमल, कमल-बनियानी, रामचन्द्रेलगायतका ठूला-साना नदी तथा खोलाहरु रहेका छन् । धान, मकै, गहुँजस्ता खाध्यान्नबालीको प्रचूरता रहेको यस पालिकामा सागसब्जी, दलहन र तेलहनबालीको समेत उल्लेख्य उत्पादन हुने गरेको छ ।

गत भदौ २३ र २४ गते जेनजी पुस्ताको अगुवाइमा भएको आन्दोलनले विद्यमान सरकार परिवर्तन भई तीन महिनाअघि भएको प्रतिनिधि सभा सदस्यको निर्वाचन पश्चात संघमा नयाँ सरकार गठन भएको छ । भ्रष्टाचारको अन्त्य एवं नागरिकहरुलाई सुशासनको प्रत्याभूति दिलाउने उद्देश्यले वर्तमान सरकारले कार्य गरिरहेको अवस्था छ । शासन सञ्चालनका निकायहरुमा नवयुवा पुस्तालाई समेत सहभागी गराई नागरिकको वृहत्तर हित र सुशासनमा जोड दिनु अहिलेको आवश्यकता रहेको छ ।

(ग) **विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका प्रयास, अवसर तथा चुनौतीहरु**

**सभाका सदस्यहरु,**

नागरिकका आवश्यकता समयानुकूल परिवर्तन भइरहेका छन् । हाम्रा श्रोत र साधनहरु सीमित छन् । सीमित श्रोत-साधनले असीमित आवश्यकताहरु पूरा गर्न कठिनाइँ भए तापनि प्रदेश तथा संघ सरकार एवं अन्य विकास साझेदारहरुसँग आवश्यक समन्वय एवं सहकार्य विगतदेखि नै हुँदै आएको छ । यस अवधिमा स्थानीय नागरिकको स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइलगायतका आधारभूत आवश्यकता परिपूर्ति गर्दै कृषि एवं पूर्वाधार विकासको माध्यमबाट नागरिकको आयस्तर वृद्धि गर्न हाम्रो प्रयास निरन्तर जारी छ ।

नागरिकले हामीप्रति गरेको भरोसा र विश्वासलाई अक्षुण्ण राख्दै समयसापेक्ष बदलिंदो आवश्यकता परिपूर्ति गर्न हाम्रासामु निम्न अवसर र चुनौतिहरु विद्यमान छन् :

**<u>अवसरहरु :</u>**

- संविधानतः अधिकारसम्पन्न स्थानीय सरकार स्थापना भई एकल अधिकारसहित संघ र प्रदेशसँग विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकारक्षेत्रका विषयमा ऐन, कानून निर्माण गरी लागू गर्नु ।

- नागरिकका अधिकार सुनिश्चित गर्न पालिकाको तर्फबाट नीति तथा कार्यक्रमबमोजिम बजेट परिचालन गर्ने अधिकार प्राप्त हुनु ।
- गाउँपालिका क्षेत्रभित्र विभिन्न धार्मिक, सामाजिक, सांस्कृतिक र जातिगत सम्प्रदायबीच विविधतामा एकता कायम रहनु ।

## चुनौतीहरु :

- स्थानीयस्तरमै रोजगारीको अवसर सिर्जना गरी युवालाई विदेश पलायन हुनबाट रोक्नु।
- शिक्षामा गुणस्तर कायम गर्दै उत्कृष्ट नतीजा हासिल गर्नु ।
- परम्परागत निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी युवा जनशक्तिलाई व्यवसायिक कृषितर्फ आकर्षित गर्नु ।
- भौतिक पूर्वाधारलगायत अन्य विकासको समानुपातिक पहुँचमा वृद्धि गर्नु ।
- गरीबी र सामाजिक असमानता हटाउनु आदि ।

(घ) **नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु**

**सभाका सदस्यहरु,**

विद्यमान चुनौतीहरुको सामना गर्दै उपलब्ध अवसरहरुको अधिकतम् उपयोग गर्नु अहिलेको आवश्यकता हो । यही सन्दर्भमा हामी गौरीगञ्ज गाउँपालिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम निर्माणको चरणमा छौं ।

प्रस्तुत नीति तथा कार्यक्रम नेपालको संविधान, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन, २०७८, नेपाल सरकार सोह्रौं योजना (आ.व. २०८१/०८२-०८५/०८६), दिगो विकासका लक्ष्यहरु (सन २०१६-२०३०), स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४, विपत् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०७४, प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७ एवं सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ का सान्दर्भिक दफा तथा नियमहरुको आधारमा यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

(ङ) **चालु आ.व.सम्मका प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण**

**सभाका सदस्यहरु,**

हामी निर्वाचित भएर आएको चार वर्ष बितिसकेको छ । यस अवधिमा गाउँपालिकाको आन्तरिक श्रोत, प्रदेश सरकारबाट प्राप्त अनुदान, संघ सरकारबाट प्राप्त अनुदान एवं विभिन्न गैर-सरकारी संस्थाबाट प्राप्त साझेदारीलगायतको बजेटबाट यस गाउँपालिकामा हरेक वर्ष योजना तथा कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । चार वर्षको यस अवधिमा गौरीगञ्ज गाउँपालिकाबाट सम्पादन भएका उल्लेखनीय गतिविधिहरु निम्नानुसार संक्षेपमा प्रस्तुत गर्दछु ।

## हालसम्मका मुख्य गतिविधिहरु :

- गौरीगञ्ज गाउँपालिकाभित्रका सामुदायिक शैक्षिक संस्थामा कक्षा- ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था ।
- विपन्न तथा जेहेन्दार विद्यार्थीलाई प्राविधिक तथा उच्चशिक्षा अध्ययनमा प्रोत्साहन गर्न छात्रवृत्तिको व्यवस्था ।
- सामुदायिक विद्यालयमा इ-हाजिरीको व्यवस्था ।
- विद्यालयमा स्काउट शिक्षालाई निरन्तरता ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई शारीरिक एवं मानसिक रुपमा स्वस्थ तुल्याउन विद्यालय तहमा योग तथा संगीत शिक्षाको शुरुवात ।
- गौरीगञ्ज आधारभूत अस्पतालमा विशेषज्ञ चिकित्सकसहित चौबीसै घण्टा स्वास्थ्य सेवा सञ्चालन, साथै मानसिक रोग तथा आँखा उपचार सम्बन्धी सेवासमेत सञ्चालन ।
- पूर्ण अपाङ्गता तथा प्रसूति हुने महिलाहरुको लागि निश्चित स्थानसम्म निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन ।
- गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिकाको रुपमा कायम ।
- बालमैत्री गाउँपालिका निर्माण गर्ने कार्यलाई निरन्तरता ।
- कृषियोग्य भूमिमा सिचाइँ सुविधाको लागि कृषि विद्युतीकरण योजनालाई निरन्तरता ।
- परम्परागत कृषि प्रणालीलाई विस्थापित गरी व्यवसायिक कृषितर्फ कृषकलाई आकर्षित गराउन कृषि औजार-उपकरण र अनुदान कार्यक्रमलाई निरन्तरता ।
- रासायनिक मल एवं विषादिको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक मलको उत्पादन र प्रयोग गरी अर्गानिक खेतीतर्फ कृषकलाई उन्मुख गराउने कार्यलाई निरन्तरता ।

- सामुदायिक पशु बन्ध्याकरणको लागि शिविर सञ्चालन ।
- स्थानीयस्तरमै व्यवसायतर्फ युवाहरुलाई आकर्षित गराउन विभिन्न सीप विकास तालीम प्रदान ।
- गाउँपालिकाभित्रका सहकारी संस्थाको अभिलेखीकरण एवं सहकारी संस्थाहरुको संस्थागत विकास तथा सुशासनमा जोड ।
- संघ तथा प्रदेश सरकारसमेतको समन्वयमा सडक, भवनलगायतका भौतिक पूर्वाधारजन्य योजनाहरुको निर्माण कार्य सुचारु ।
- गाउँपालिका, संघ एवं प्रदेश सरकार र अन्य गैर-सरकारी संघसंस्थाको साझेदारीमा विपन्न वर्गहरुको लागि आवास निर्माण योजनालाई निरन्तरता ।
- विपद् न्यूनीकरणको लागि विपद् पूर्व तयारी, विपद् व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनाको कार्यमा निरन्तरता ।
- सर्पदंशबाट पीडित बिरामीको लागि नेपाल रेडक्रस सोसाइटीसँगको समन्वयमा निःशुल्क सर्पदंश उपचारको व्यवस्था ।
- स्थानीय नागरिकलाई न्यायमा सहजता ल्याउन न्यायिक समितिमार्फत न्याय निरुपण ।
- हालसम्म ऐन- १०, नियमावली- ३, कार्यविधि- ३८ र मार्गदर्शन/आचारसंहिता- २ समेत जम्मा ५३ वटा स्थानीय कानून निर्माण गरी नागरिकहरुलाई प्रभावकारी सेवा प्रदान ।

(च) **आगामी आ.व. २०८३/०८४ का प्रमुख नीतिहरु**

**सभाका सदस्यहरु,**

"दिगो विकास र समृद्ध गौरीगञ्जको आधार, सुशासनसहितको आर्थिक विकास र पूर्वाधार" भन्ने गौरीगञ्ज गाउँपालिकाको मूल नारालाई साकार पार्न आगामी आ.व. २०८३/०८४ मा अवलम्बन गरिने मुख्य नीतिहरु निम्न रहेका छन :

(१) **आर्थिक विकास नीति :**

(क) परम्परागत एवं निर्वाहमुखी खेती प्रणालीलाई सुधार गरी व्यवसायिकतातर्फ उन्मुख गराउन आवश्यक सीप विकास, बीउपूँजी, उत्पादन एवं कृषि यान्त्रीकरणमा प्रोत्साहन गरिनेछ ।

(ख) रासायनिक मल एवं विषादिको प्रयोगलाई न्यूनीकरण गरी कृषकहरुलाई जैबिक मल एवं अर्गानिक खेतीतर्फ आकर्षित गराइनेछ ।

(ग) हाल लोपोन्मुख अवस्थामा रहेका स्थानीय रैथाने बालीहरुको संरक्षण एवं प्रबर्द्धनमा जोड दिइनेछ ।

(घ) कृषि एवं पशुजन्य उत्पादनको सहज व्यवस्थापनको लागि बजारीकरणमा जोड दिइनेछ ।

(ङ) पशुपक्षीको उन्नत नश्ल सुधार गरी व्यवसायिक पशुपालनतर्फ कृषकहरुलाई आकर्षिक गर्न प्रोत्साहन गरिनेछ ।

(च) उत्कृष्ट कार्य सम्पादन गर्ने कृषकलाई प्रोत्साहन गरी कृषि तथा पशुपालन क्षेत्रमा थप आकर्षण बढाइनेछ ।

(छ) पशुपक्षीको नियमित तथा आकस्मिक उपचारको प्रबन्ध गरिनेछ ।

(ज) स्थानीय सहकारी संस्थाहरुको संस्थागत सुशासन, वित्तीय अनुशासन एवं क्षमता विकासमा जोड दिइनेछ ।

(झ) गाउँपालिका क्षेत्रमा घरेलु तथा साना, मझौला एवं ठूला उद्योगहरुको स्थापना एवं विकासमा जोड दिइनेछ ।

(ञ) स्थानीय पर्यटकीय स्थलको निर्माण तथा व्यवस्थापनको लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

(ट) नेपाल सरकारले हालै गठन गरेको "भूमि समस्या समाधान समिति"सँग आवश्यक समन्वय गरी भूमिहिन् दलित, भूमिहिन् सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधानको लागि आवश्यक पहल गरिनेछ ।

(ठ) जग्गाको भूउपयोग वर्गीकरणलाई चुस्त, दुरुस्त बनाइनेछ ।

(ड) गाउँपालिका क्षेत्रभित्रका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेखीकरण एवं संरक्षण गरी अतिक्रमण नियन्त्रणमा जोड दिइने छ ।

## (२) सामाजिक विकास नीति :

(क) खेलकुद, अतिरिक्त क्रियाकलाप, छात्रवृत्ति एवं अन्य रचनात्मक कार्यहरुको माध्यमबाट सामुदायिक शैक्षिक संस्थामा विद्यार्थीहरुको आकर्षण बढाउन प्रयत्न गरिनेछ ।

(ख) शैक्षिक संस्थामा कार्यरत शिक्षक एवं कर्मचारीहरुको क्षमता विकास गरी गुणस्तरीय एवं नतीजामूखी शिक्षामा जोड दिइनेछ ।

(ग) सामुदायिक शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधार एवं संस्थागत विकासमा जोड दिइनेछ ।

(घ) गौरीगञ्ज आधारभूत अस्पतालबाट प्रदान हुँदै आएको विशेषज्ञ चिकित्सकसहितको आधारभूत स्वास्थ्य सेवा (२४सै घण्टा)लाई निरन्तरता दिइनेछ।

(ङ) महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरी समुदायस्तरमा आधारभूत न्यूनतम् स्वास्थ्य सेवा एवं स्वास्थ्य सचेतना अभिवृद्धि गरिनेछ ।

(च) स्वास्थ्य चौकी एवं आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको न्यूनतम् सेवा मापदण्ड कायम गरी संस्थागत विकासमा जोड दिइनेछ ।

(छ) पूर्ण खोप सेवालाई कायम गरी सबै बालबालिकालाई सर्वसुलभ खोप सेवाको सुनिश्चित गरिनेछ ।

(ज) नागरिकहरुको लागि विभिन्न रोग प्रतिरोधात्मक एवं सर्पदंशलगायत अन्य उपचारात्मक स्वास्थ्य सेवाको आवश्यक व्यवस्था गरिनेछ ।

(झ) संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी निर्माण सम्पन्न भएका खानेपानी आयोजनाको सञ्चालन, व्यवस्थापन एवं विस्तार गरी नागरिकहरुलाई स्वच्छ खानेपानी आपूर्तिको व्यवस्था गरिनेछ ।

(ञ) गाउँपालिका क्षेत्रबाट उत्सर्जित फोहोरमैलाको उचित व्यवस्थापन गरी स्वच्छ वातारण कायम राख्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

(ट) खेलकुद एवं व्यायामशालाको व्यवस्था गरी युवाहरुलाई स्वस्थ, कर्तव्यनिष्ठ एवं अनुशासित नागरिकको रुपमा विकास गर्न जोड दिइनेछ ।

(ठ) महिला, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम एवं पिछडावर्गलाई राज्यका निकायहरुमा पहुँच अभिवृद्धि गर्न पहल गरिनेछ ।

(ड) ज्येष्ठ नागरिकहरुलाई सम्मान तथा सामाजिक सुरक्षामा जोड दिइनेछ ।

(ढ) कोशी प्रदेश सरकार एवं गाउँपालिकाको द्विपक्षीय लागत साझेदारी र करुणा फाउण्डेसन नेपालको प्राविधिक सहयोगमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापनालाई निरन्तरता दिइनेछ ।

(ण) बालमैत्री गाउँपालिका घोषणा गर्ने अभियानलाई निरन्तरता दिँदै आ.व. २०८३/०८४ मा कम्तीमा वडा नं. १ र २ लाई बालमैत्री वडा घोषणा गर्ने नीति

लिइनेछ, साथै अन्य वडाहरुमा समेत बालमैत्री स्थानीय शासनको कार्यक्रमलाई तीव्रता दिइनेछ ।

(त) विभिन्न जाति, भाषा, धर्म, संस्कृति, कला, साहित्य, संगीत एवं सांस्कृतिक सम्पदाको संरक्षण, प्रबर्द्धन र विकास गरी सभ्य एवं सुसंस्कृत समाजको निर्माणमा टेवा पुऱ्याउने।

**(३) पूर्वाधार विकास नीति :**

(क) नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका र अन्य गैर-सरकारी संस्थासमेतको लागत साझेदारीमा पालिकाभित्रका विपन्न परिवारलाई आवास निर्माणको माध्यमबाट स्वस्थ, सुरक्षित एवं सम्मानित जीवनयापनमा आवश्यक टेवा पुऱ्याउन थप प्रयत्न गरिनेछ।

(ख) अत्यावश्यक पूर्वाधारजन्य भौतिक संरचनाहरुको नियमानुसार निर्माण एवं आवश्यक मर्मत-सम्भार गरी नागरिकको सहजता एवं जीवनस्तर उकास्न आवश्यक प्रयत्न एवं पहल गरिनेछ ।

(ग) स्थानीय बजारको संरचागत सुधार एवं व्यवस्थापन गरी शहरको सुन्दरता अभिवृद्धि एवं स्थानीय नागरिकको आय आर्जन बढाउन पहल गरिनेछ ।

(घ) प्रचलित कानूनबमोजिमको मापदण्डअनुसार घरनक्सा पास अनिवार्य गरी भविष्यमा हुने संरचनागत जोखिम न्यूनीकरण गर्न प्रयत्न गरिनेछ ।

**(४) वन तथा वातावरण संरक्षण नीति :**

(क) स्थानीय वन, पोखरी, सीमसार, जैविक विविधता, जलाधार क्षेत्र लगायतको संरक्षण एवं व्यवस्थापन गरी वातावरण अनुकूलन तुल्याउन आवश्यक प्रयत्न एवं पहल गरिनेछ ।

(ख) नवीकरणीय उर्जाको प्रयोग र प्रबर्द्धनमा जोड दिई नागरिकको स्वास्थ्य एवं आर्थिक आत्मनिर्भरता बढाउन थप पहल गरिनेछ ।

(ग) वर्षेनी आइपर्ने विपतको पूर्व तयारी, प्रतिकार्य र पुनर्स्थापनाको लागि आवश्यक व्यवस्थापन गरी नागरिकलाई प्राकृतिक भय एवं तनावरहित् वातावरणमा जिउन सहजता प्रदान गरिनेछ ।

**(५) संस्थागत विकास तथा सुशासन नीति :**

(क) कर्मचारीहरुको क्षमता विकास गरी नागरिकलाई चुस्त, दुरुस्त र प्रभावकारी सेवा प्रदान गरिनेछ ।

(ख) करको दायरा फराकिलो बनाई गाउँपालिकाको आन्तरिक आय सुदृढ बनाउन पहल गरिनेछ ।

(ग) आर्थिक मितव्ययिता एवं वित्तीय अनुशासनलाई कार्यान्वयन गरिनेछ ।

(घ) खाद्य गुणस्तर, खाद्य सुरक्षा र उपभोक्ता हितको लागि आवश्यक पहल गरिनेछ ।

(ङ) न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गरी न्याय सम्पादनलाई थप प्रभावकारी बनाइनेछ ।

(च) स्थानीय सञ्चार माध्यम र अन्य संघ-संस्थाको क्षमता अभिवृद्धि एवं संस्थागत विकासमा जोड दिइनेछ ।

(छ) **आगामी आ.व. २०८३/०८४ का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु :**

**सभाका सदस्यहरु,**

आगामी आ.व. २०८३/०८४ का माथि उल्लिखित नीतिहरुलाई मूर्तरुप दिन प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु तपसिलबमोजिम प्रस्तुत गर्दछु ।

(१) गौरीगञ्ज आवास (सबै वडा)

(२) स्वास्थ्य तथा पोषण सेवा

(३) शिक्षा विकास

(४) कृषि विकास तथा पशुपक्षी सेवा

(५) अन्य पूर्वाधार विकास (वडा तथा गाउँपालिका)

(६) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

(७) खानेपानी तथा सरसफाइ विकास

(८) युवा तथा खेलकुद विकास

(९) वन तथा वातावरण विकास र विपत् व्यवस्थापन

(१०) संस्थागत विकास तथा सुशासन

(११) अन्य कार्यक्रम

**सभाका सदस्यहरु,**

उल्लिखित नीतिबमोजिमका प्राथमिकता प्राप्त कार्यक्रमहरुको बजेटसहितको विस्तृत विवरण बजेट तथा कार्यक्रममा प्रस्तुत हुनेछ ।

**सभाका सदस्यहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न अमूल्य सल्लाह सुझाव दिई सहयोग गर्ने गाउँ कार्यपालिका, विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, सभाका सदस्यहरु, स्थानीय राजनीतिक दल, युवा तथा सम्पूर्ण नागरिक समाज, सञ्चारकर्मी, सभाका सचिव एवं गाउँसभा सचिवालय टीमप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

गौरीगञ्ज गाउँपालिकाको आ.व. २०८३/०८४ को प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम र उक्त वार्षिक नीति तथा कार्यक्रमलाई छलफलसहित सर्वसम्मत् रुपमा पारित् गरियोस् भन्ने सम्बन्धी प्रस्ताव यस सम्मानित सभासमक्ष पेश गर्दछु ।

**प्रस्ताव प्रस्तुतकर्ता :**
फुलबती राजबंशी
(अध्यक्ष)
गौरीगञ्ज गाउँपालिका, झापा
मिति : २०८३/०३/१०

*सभाबाट पारित मिति : २०८३/०३/१० गते बुधवार*